# नयाँ मापदण्डको लागि
# अभिभावको निर्देशिका

DENVER PUBLIC SCHOOLS
Discover a World of Opportunity™

२१ सौ शताव्दीमा विद्यार्थीहरु कलेज र पेशाका लागि तयार छन् भन्ने कुरालाई सुनिश्चित गर्न डेनभर पव्लिक स्कूल्सले नयाँ मापदण्डहरु (कमन कोर स्टेट स्टान्डर्स, कोलोराडो एकेडेमिक स्टान्डर्ड तथा इङ्गलिस ल्याङ्गवेज डेभलपमेन्ट स्टान्डर्डस) लाई अंगीकार गर्दैछ। प्रत्येक कक्षागत तहमा विद्यार्थीहरुले के के सिक्ने अपेक्षा गरिएको छ भन्ने कुरामा एकरुप र सुस्पष्ट समझदारी प्रदान गर्ने गरी शिक्षामा हुने परिवर्तनलाई यी नयाँ मापदण्डहरुले प्रतिनिधित्व गर्दछन्। तपाईको वच्चाको कक्षाकोठालाई सहकार्य, वार्तालाप र समस्या समाधान गर्नका लागि अवसरहरुको वृद्धिका साथ अझ वढी व्यस्त राख्ने किसिमको वनाउने यसको लक्ष्य हो। आफ्नो पढाइलाई समृद्ध वनाउन तपाईको वच्चाले कक्षाकोठामा प्रविधिलाई वढी सदुपयोग गरिराखेको कुरा पनि तपाईले देखि रहनु भएको होला।

नयाँ मापदण्डहरुले तपाईको वच्चालाई कसरी असर गर्नेछन्, तपाईको वच्चाले विद्यालयमा गर्ने काममा के कस्ता परिवर्तनहरु प्रतिविम्वित भएका तपाई देख्नुहुनेछ र तपाईको वच्चाले कक्षाकोठामा गर्ने कामलाई सहयोग गर्न तपाईले घरमा के के गर्न सक्नुहुन्छ भन्ने कुरा तलको निर्देशिकाले देखाउँदछ।

## अंग्रेजी भाषाकला

| के के कुरामा परिवर्तन हुदैछ : | के कुराको लागि हेर्ने : | तपाईले के गर्न सक्नुहुन्छ : |
|---|---|---|
| तपाईको वच्चाले प्रत्येक कक्षा स्तरमा अव **गैरऔपन्यासिक कृति वढी पढ्ने** छ। | तपाईको वच्चालाई वास्तविक जीवनका घटनाहरु जस्तो जीवनीहरु, लेखरचनाहरु तथा ऐतिहासिक कथाहरुमा आधारित पढाइ सम्वन्धी कामहरु वढी दिइएको हेर्न खोज्नुहोस। | आफ्नो वच्चासंग वसेर गैर औपन्यासिक पुस्तकहरु पढ्नुहोस। गैर औपन्यासिक पुस्तकहरु पढदा रमाइलो र उत्तेजक हुन सक्दछ भन्ने कुरा देखाउनुहोस। |
| तपाईको वच्चाले **पढाइद्वारा संसारको वारेमा जान्ने छ।** | तपाईको वच्चाले आफ्नो पढाइद्वारा विज्ञान र सामाजिक अध्ययनका वारे सिक्न संसारको वारेमा वढी तथ्य आधारित पुस्तकहरु घरमा लिएर आएको हेर्न खोज्नुहोस। | कुन कुन गैर औपन्यासिक पुस्तकहरु र म्यागाजिनहरु कक्षागत तहमा तपाईको वच्चाका लागि उपयुक्त हुन्छन् र उसलाई चाख लाग्ने हुन्छन् भन्ने कुरा थाहा पाउनुहोस र यी अध्ययन सामाग्रीहरुमा उसको पहुँच हुन्छ भन्ने कुरालाई निश्चित गर्नुहोस। |
| तपाईको वच्चाले आफूले के पढदछ भन्ने कुराको मतलव निकाल्न र आफ्नै निस्कर्ष निकाल्नका लागि सिक्न **चुनौतीपूर्ण विषयवस्तुहरु निकै गहिरिएर पढने छ।** | तपाईको वच्चाको पढाइ र लेखाइ सम्वन्धी गृहकार्य हुनेछ जस्मा कथाको वा पुस्तकको मुख्य भाग फेरि भन्नु वा लेख्नु भनी भनेको हुन सक्ने छ। | आफ्नो वच्चालाई वढी चुनौतीपूर्ण पाठयाँश पढन दिनुका साथसाथै उसले पढन चाहने र सुविधा साथ पढन सक्ने पाठयाँशहरु पढन दिनुहोस। कठिन अंशहरुमा कसरी गहिरिएर जाने भन्ने कुराहरु उसलाई देखाउनुहोस। |
| कथा लेख्नुपर्दा वा फेरि भन्नु पर्दा तपाईको वच्चाले आफूले के भनेको छ भन्ने कुरालाई सिद्ध गर्न **विषयवस्तुवाट संकलित "प्रमाण" लाई प्रयोग गर्नेछ।** | तपाईको वच्चालाई प्रमाणको रुपमा प्रस्तुत हुने गरी आफूले पढेको पाठवाट ठोस उदाहरणहरु निकालि लेख्नु भनी भनिएको लेखाइ हेर्न खोज्नुहोस। प्रमाणको तात्पर्य प्रत्युत्तरलाई सिद्ध गर्न पुस्तकवाट दिइने उदाहरणहरु हुन्। | दिनदिनै हुने छलफलहरुमा प्रमाण र असहमतिका कुराहरुको प्रमाण दिन आफ्नो वच्चालाई भन्नुहोस। प्रमाण दिने र राय दिने कुराको वीचको फरक वुझ्नमा आफ्नो वच्चालाई सघाउनुहोस। |
| तपाईको वच्चाले आफूले **जे पढ्दछ त्यसवाट कसरी लेख्ने** भन्ने कुरा सिक्ने छ। | प्रमाणलाई प्रयोग गरेर लिखित तर्कवितर्कहरु वनाउनका लागि आफ्नो वच्चालाई भनिएको लेखाइ हेर्न खोज्नुहोस। | घरमा लेख्नलाई प्रोत्साहित गर्नुहोस। प्रमाण र विस्तृत कुराहरु प्रयोग गरेर संगसंगै लेख्नुहोस। |
| तपाईको वच्चाको **शैक्षिक शव्दावलीमा वृद्धि हुने छ।** | तपाईको वच्चाको शव्दावलीलाई विस्तृत वनाउने र "भाषा शक्ति हो" भनेर सिकाउने किसिमका कार्यहरु गर्ने कामहरु उसलाई गर्न दिइएको हेर्न खोज्नुहोस। | आफ्नो वच्चासंग कुरा गर्नुहोस। आफ्नो वच्चालाई पढाउनुहोस र उ संगै पढ्नुहोस। आफ्नो वच्चाको कुरा सुन्नुहोस। गर्न दिइएको कामहरुका वारेमा छलफल गर्दा वेलिस्तिार लगाएर वताउन उसलाई प्रोत्साहित गर्नुहोस। |

## गणित

| के के कुरामा परिवर्तन हुदैछ : | के कुराको लागि हेर्ने : | तपाईले के गर्न सक्नुहुन्छ : |
|---|---|---|
| **थोरै विषयहरुका वारेमा तपाईको वच्चाले धेरै सिक्ने छ,** जसले पूर्णरुपमा वुझ्नमा सुनिश्चित गर्न उसलाई मदत पुग्ने छ। | आफ्नो वच्चाले गरेको काम दखिने र उसले त्यो उत्तर कसरी दिन पुग्यो भन्ने कुरा वताउनु आवश्यक भएको काम उसलाई सुम्पिएको हेर्न खोज्ने। | उसको कक्षाको तहको आधारमा आफ्नो वच्चालाई के कस्ता अवधारणाहरु महत्वपूर्ण हुन्छन् भन्ने कुरा थाहा पाउनुहोस र त्यसैमा काम गर्नका लागि समय विताउनुहोस। |

# नयाँ मापदण्डको लागि अभिभावको निर्देशिका

DENVER PUBLIC SCHOOLS
Discover a World of Opportunity™

| | | |
|---|---|---|
| शुरु मै जग बलियो बनाएर तपाईको **बच्चाले सिक्ने कुरालाई वर्षैपिच्छे थप्दै जानेछ।** | एकअर्कोमा आधारित बन्दै गएको काम गर्न उसलाई दिइएको हेर्न खोज्ने। उदाहरणका लागि तपाईको बच्चाको ध्यान जोडबाट घटाउ गर्ने, गुणाबाट भिन्नाङ्कमा भाग गर्ने, र अनि बीजगणितमा जाने हुन सक्नेछ। | गत बर्ष तपाईको बच्चाले कुन अवधारणाहरुसंग सघर्ष गर्नु पर्‍यो भन्ने कुरामा सचेत हुनुहोस र ती क्षेत्रहरुमा अघि बढ्न उसलाई सघाउनुहोस। यदि तपाईलाई सहयोगको आवश्यकता परेमा आफ्नो बच्चाको शिक्षकलाई सोध्नुहोस |
| तपाईको बच्चाले **गणितका मुख्य अवधारणाहरु र सीपहरुमा पोख्त हुनका लागि ध्यान केन्द्रित** गर्नेछ। | तपाईको बच्चालाई बढी उन्नत गणितमा सफल हुनका लागि महत्वपूर्ण भएको आधारभूत तथ्यहरु र गणितको अवधारणाहरुमा ध्यान केन्द्रित हुने खालको कामहरु सुम्पिइने छ। | समस्याहरुलाई हल गर्नमा र दैनिक जीवनमा आइपर्ने कुराको "हिसाब गर्न" मा उसको गणितको ज्ञानलाई प्रयोग गर्न उसलाई सहयोग गर्नुहोस। |
| **गणितले किन काम गर्दछ भन्ने कुरा तपाईको बच्चाले बुझ्ने छ र उसलाई यसका बारेमा कुरा गर्न र आफ्नो बुझाइलाई प्रमाणित गर्न** भनिने छ। | तपाईको बच्चालाई समस्याको हल गर्ने कुरामा मात्र केन्द्रित नहुने गरी तर उसले खास कुनै तरीकाले समस्यालाई "कसरी" र "किन" हल गर्‍यो भन्ने कुरालाई पनि व्याख्या गर्ने गरी उसलाई काम सुम्पिइने छ। | समस्याहरुको उत्तर उसले कसरी फेला पार्‍यो भन्ने कुरा बताउन आफ्नो बच्चालाई प्रोत्साहित गर्नुहोस। |
| **वास्तविक संसारको परिस्थितिमा गणित प्रयोग गर्न भनी** अब तपाईको बच्चालाई भनिने छ। | वास्तविक संसारमा आधारित गणितका कामहरु गर्न उसलाई दिइएको हेर्न खोज्ने। दृष्टान्तको लागि गृहकार्यमा परिकारका (रेसिपी) टुक्राहरु थप गर्ने कुरा समावेश हुन सक्नेछ वा साथीले कति जति पिजा खायो भनी निर्क्योल गर्ने कुरा हुन सक्नेछ। | उसमा भएको गणितको ज्ञानलाई घरमा प्रयोग गर्ने अवसरहरु आफ्नो बच्चालाई प्रदान गर्नुहोस। |

## अंग्रेजी–भाषा सिक्नेहरुका लागि अंग्रेजी भाषाको विकास :

| के के कुरामा परिवर्तन हुदैछ : | के कुराको लागि हेर्ने : | तपाईले के गर्न सक्नुहुन्छ : |
|---|---|---|
| तपाईको बच्चाको शिक्षकले **प्रत्येक विषयका लागि चाहिने शैक्षिक भाषालाई जोड दिने छन्।** | उसको कामलाई व्याख्या गर्ने, तुलना गर्ने, विश्लेषण गर्ने र औचित्य पुष्ठी गर्ने गरी उसलाई काम गर्न दिइएको हेर्न खोज्ने। लेखाइ सम्बन्धी अपेक्षाहरुमा शब्दहरु कसरी बनाउने र तर्कवितर्क गर्ने, सहमत तुल्याउने, व्याख्या गर्ने र वृत्तान्त दिने जस्ता लेखाइको शैलीहरु पर्दछन्। | उसले विद्यालयमा के के सिकिरहेको छ भन्ने कुराका बारेमा कुराकानी गर्न आफ्नो बच्चालाई प्रोत्साहित गर्नुहोस। पुरा र विस्तृत वाक्यहरुमा कुरा गर्न उसलाई भन्नुहोस। तपाईको आफ्नो भाषामा पढने, लेख्ने र बोल्ने कुरा जारी राख्न पनि हामी तपाईलाई प्रोत्साहित गर्दछौं। |
| उसको **अंग्रेजी भाषाको विकासको आवश्यकता अनुसार विशिष्टकृत सहयोगमा तपाईको बच्चाको पहुच हुनेछ।** | वास्तविक संसारको परिस्थितिहरु भएको कार्यहरु गर्न दिइएको हेर्न खोज्ने, जस्मा सहपाठीहरु र परिवारका सदस्यहरुसंगको सहकार्यका लागि प्रोत्साहित गरियोस, जहाँ तपाईको बच्चाले छलफल गर्न र आफ्ना विचारहरु बाडँचुड गर्न सक्दछ। | घरमा गरिनाले अतिरिक्त कृयाकलापले तपाईको बच्चाको अंग्रेजी भाषाको विकासमा मद्धत पुग्दछ। तपाईले आफ्नो बच्चासंग घरमा प्रयोग गर्न खालका खान एकेडेमी, लर्न जिलियन र डिपिएस सफारी मोन्टेज भिडियोहरु लगायतका थुप्रै अनलाइन स्रोतहरु छन्। |

## अतिरिक्त स्रोतहरु

| | |
|---|---|
| **कमन कोर स्टेट स्टान्डर्डस**<br>• http://www.cgcs.org<br>• http://www.pta.org | **कोलोराडो एकेडेमिक स्टान्डर्डस एण्ड इङ्गलिस ल्याङ्गवेज डेभलपमेन्ट स्टान्डर्डस :**<br>• http://www.cde.state.co.us/StandardsAndInstruction/ColoradoStandards.asp |